## बच्चासँग कुरा गर्दा तपाईले आफ्नो मातृ भाषा प्रयोग गर्नु महत्वपूर्ण हुन्छ। गणितीय बुझाइ निर्माण गरेपश्चात उनीहरुले अंग्रेजी शब्दहरु सिक्न सक्छन्।

तपाईले आफ्नो बच्चालाई उनीहरु वरपर रहेका वस्तुहरुबारे याद तथा कुरा गर्न सहयोग गर्न सक्नुहुन्छ। उनीहरुले दैंनिक जीवनमा संख्याविद्याको प्रयोगमा छिट्टै आत्मविश्वासको विकास गर्नेछन्।


» संख्याविद्या भनेको वास्तविक वस्तुसँगको गणितीय सोचबारे कुरा गर्नु हो।
» संख्याविद्या भनेको गणना गर्ने तथा संख्याभन्दा बढी हो।
» संख्याविद्या भनेको विद्यालयको गणितभन्दा बढी हो।
» संख्याविद्याबारे सकारात्मक सोचाइ राख्नाले तपाईको बच्चालाई सहयोग गर्नेछ।



# थप जानकारी

तपाईको बच्चाको संख्याविद्या सिकाइलाई कसरी सहायता गर्ने भन्ने सम्बन्धमा थप जानकारीका लागि हेर्नुहोस्:
**www.education.sa.gov.au/parenting/greatstart**

f EDU.SAGOV



Government of South Australia
Department for Education

Nepali / नेपाली

# GreatStart

संख्याविद्या तथा साक्षरताका लागि हरेक दिनको सिकाइ

# संख्या



**www.education.sa.gov.au/parenting/greatstart**

जन्मेदेखि 5 वर्षसम्मका बालबालिका भएका परिवारहरुका लागि वेबसाइट

Government of South Australia
Department for Education

# संख्याविद्या भनेको गणितलाई दैनिक जीवनमा प्रयोग गर्न सक्ने क्षमता तथा आत्मविश्वास हो।

हरेक दिनका तपाईवरपरका चीजहरुबारे गणितीयरुपमा मनन गरेर वा कुरा गरेर तपाईले आफ्नो बच्चालाई संख्याविद्या सिकाउन मद्दत गर्न सक्नुहुन्छ!

## शिशुहरु

तपाईको बच्चा जन्मेपश्चात उनीहरुले आफ्नो संसारको अन्वेषण गरिरहेका हुन्छन्। जब उनीहरु बामे सर्छन् वा वस्तुहरुबीच मिलाउने कोशिस गर्छन्, उनीहरुले गणितीय सोचको प्रयोग गर्छन्। उनीहरुले गरिरहेका कामका बारेमा बताइदिनाले उनीहरुको गतिविधिलाई शब्दहरुसँग जोडा मिलाउन उनीहरुलाई सहयोग पुग्छ, जस्तैः "तिमी माथि छौं", "घुमाइराख", र "मण्डीमुनि लुक"।

### संख्याविद्या सिकाइलाई प्रोत्साहन गर्नका लागि तपाईले घरमा गर्न सक्ने धेरै चीजहरु छन्।

- चीजहरु देखा पर्ने र गायब हुने खेलहरु खेल्नुस्, जस्तै पिकाबू (Peekaboo)।
- नुहाउने बाथमा तपाईको बच्चालाई भर्न, खन्याउन वा तिनलाई रित्तो बनाउन दिनका लागि विभिन्न भाँडाहरु थप्नुहोस्।
- मोबाइल तथा झुण्डिएको बस्तुलाई मिलाउनुस् तपाईको बच्चलाई त्यहाँ पुग्न, त्यस भएतिर जान र तान्न सिकाउनका लागि।
- अवस्थिति, दिशा र संख्यासम्बन्धी भाषा प्रयोग भएका गीतहरु गाउनुहोस्, जस्तै ओपन सत देम, राउन्द एण्ड राउन्द द गारदेन, फाईभ जेल्लीफिस, थ्रि लिटल मंकिज।
- माथि चढ्न, भएर जान र मुनिपट्टिबाट जानका लागि तपाईको बच्चाका लागि व्यवधान राखिदिनुहोस्।
- एक भित्र अर्को चाङ् लगाउन मिल्ने भाँडा वा वस्तुहरुको व्यवस्था गर्नुहोस्।
- हिंड्दाखेरि वा चित्र पुस्तिकामा वस्तुहरुतर्फ इशारा गरेर। तपाईको बच्चलाई याद गर्न तथा जिज्ञासा गर्न सहयोग गर्नुहोस्।

**थप सोचहरुका लागि, यी GreatStart का गतिविधिलाई हेर्नुहोस**

- Playing with balls
- Jumping over puddles
- Moving with maths
- I spy with my little eye
- Rolling down the hill
- Baby obstacle course



## बच्चाहरु (2 देखि 3 वर्षका)

यस अवधिमा तपाईको बच्चाहरुको दिमाग वृद्धि भइरहेको र नयाँ बाटाहरुको निर्माण गरिरहेको हुन्छ। जब बच्चाहरुले बास्तविक चीजहरु छुन्छन् र खेल्छन् उनीहरुसँग कुरा गर्नाले तपाई उनीहरुलाई गणितीय सोचको अर्थ लगाउन सहयोग गर्नुहुनेछ। उनीहरुले छिट्टै गणितीय शब्दहरु प्रयोग गरेर उनीहरुले देखेको र गरेको कुरालाई व्याख्या गर्न शुरु गर्नेछन्।

### संख्याविद्या सिकाइलाई प्रोत्साहन गर्नका लागि तपाईले घरमा गर्न सक्ने धेरै चीजहरु छन्।

- पार्कमा जानुहोस् र तपाई कति विभिन्न तरिकाले घुम्न सक्नुहुन्छ यसबारे कुरा गर्नुहोस्- माथि/तल, अग्लो/होचो, मास्तिर/तल्तिर, नजिक/टाढा जाँदा।
- बोक्रा, लट्ठी, ढुंगा वा पातहरु जस्ता प्राकृतिक चीजहरुलाई मिलाउनका लागि संग्रह गर्नुहोस्।
- उनीहरुलाई बालुवा वा माटो उपलब्ध गराउनुहोस्, आकार, तौल र माटोको ढिक्काहरुको संख्या तथा प्वालको गहिराइबारे थाहा पाउन सहयोग गर्नका लागि।
- कपडा धुँदा तपाईको बच्चालाई मोजाको जोडी मिलाउन भन्नुहोस् वा हिंड्दाखेरि वस्तुहरुको जोडी मिलाउन दिनुहोस्।
- दराजबाट सरसामग्रीहरु खोजेर वा केही चीजहरुको अर्को संख्या निकालेर उनीहरुले सपिङ्मा सहयोग गर्न सक्छन्।
- दिनको समयका बारे र अब यसपछि के हुन्छ भन्ने बारेमा कुरा गर्नहोस्।
- वस्तुको आकार, साइज, दिशा, संख्या र स्थानबारेमा ज्ञान दिन तपाईको बच्चालाई बस्तुहरु बनाउन र चाङ् लगाउन प्रोत्साहन गर्नुहोस्।

**थप सोचहरुका लागि, यी GreatStart का गतिविधिलाई हेर्नुहोस**

- We went walking
- Collections
- Watering the garden
- Pouring a drink
- Friday night dance party
- Setting the table




## पूर्वविद्यार्थी (3 देखि 5 वर्षका)

यो अवधिमा तपाईको बच्चाको दिमागमा महत्वपूर्ण परिवर्तनहरु भइरहेका हुन्छन्। उनीहरु अन्य बालबालिकासँग खेल्ने बेलामा उनीहरुले समस्या समाधान गर्न गणितीय शब्दहरु सुनिरहेका हुन्छन् र प्रयोग गरिरहेका हुन्छन्। उनीहरु कुन ठूलो छ भनेर तुलना वा कुन समूहमा बढी छ भनेर व्याख्या गरिरहेका, केही मिलाइरहेका हुन्छन्। जब तपाई 'बोलेर' सोच्नुहुन्छ तपाईको बच्चाले तपाईले समस्या समाधान गर्ने तरिका सिक्दछ।

### संख्याविद्या सिकाइलाई प्रोत्साहन गर्नका लागि तपाईले घरमा गर्न सक्ने धेरै चीजहरु छन्।

- तपाईको बच्चालाई खाना टेबल मिलाउन र खाना पकाउँदा सरसामग्रीहरु नाप्न सहयोग गर्नका लागि प्रोत्साहन गर्नुहोस्।
- पुस्तक पढ्न तथा बोर्डगेमहरु खेल्न सँगै पारिवारिक समय बिताउनुहोस्।
- विज्ञापनका सामग्रीहरु पढ्नुहोस् र दुरुस्त चीजहरु खोज्नुहोस् सँगसँगै।
- कथा वा चलचित्रको मज्जा लिंदा सोध्नुस्, "अब के हुन सक्छ?"
- हिंड्दाखेरि तपाईले संग्रह गरेका चीजहरुसँग फेरिफेरि उही ढाँचा बनाउनुस्।
- मौसमका बारे, कुन खाल्डो गहिरो छ, तपाईको बच्चाको छायाँ कहाँ जान्छ, केही पातहरुलाई के भइरहेको छ याद गर्नुहोस् र जिज्ञासा राख्नुहोस्।
- तपाईको आँगनको नक्सा बनाउनुस् र गाडधन खोतल्न जानुहोस्।
- "यस बाकसमा यो खाना अट्छ?" "हरेकलाई एकको दरले दिन कति केरा हामीलाई चाहिन्छ?" जस्ता प्रश्नहरु सोध्नुस्।

**थप सोचहरुका लागि, यी GreatStart का गतिविधिलाई हेर्नुहोस**

- How tall am I?
- Where should we park?
- Calendars
- What is the weather today?
- Planting a seed
- How many do you think are in there?

